# सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल

## विधान, २०५२

*(पाँचौं संशोधन २०७३ सहित)*

## सांगठनिक नियमावली, २०५५

*(चौंथो संशोधन २०७४ सहित)*

# सामुदायिक वन उपभोक्ता महासंघ, नेपालको विधान - २०५२

| | | |
|---|---|---|
| स्वीकृती मिति | : | २०५२।५।२८ |
| प्रथम संशोधन | : | २०५३।२।२२ |
| दोश्रो संशोधन | : | २०५८।७।५ |
| तेश्रो संशोधन | : | २०६३।११।२७ |
| चौथो संशोधन | : | २०६६।१०।१८ |
| पाँचौं संशोधन | : | २०७३।०७।०९ |

**प्रस्तावना**

नेपालको आर्थिक एवम् सामाजिक उन्नति र समग्र विकासमा महत्वपूर्ण एवम् सम्वेदनशील स्थान ओगट्दै आएको वन स्रोतको संरक्षण, सम्बर्द्धन तथा उपयोग आमनागरिक समुदाय तथा नेपाल सरकारको तर्फबाट कुनै न कुनै रूपमा योगदान रहदै आएको भएतापनि २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना भई समुदायमा अधिकार निक्षेपण पश्चात् २०६२/०६३ संयुक्त तेश्रो जनआन्दोलनको मर्मअनुरूप अत्याधिक स्थानीय समुदायमा सामुदायिक वन विकास, संरक्षण र सम्बर्द्धनको अपार लहर पैदा भएको प्रमाणित गरेकोले,

नेपाल सरकारको तर्फबाट सामुदायिक वन विकास कार्यक्रमलाई क्रमशः अभिवृद्धि गर्दै लैजाने नीति अबलम्बन गरी, कानूनद्वारा व्यवस्थित गर्दै, वन उपभोक्ता समूहहरू बीच सशक्त रूपमा कार्यक्रमहरू पुऱ्याउन थालेको र सामुदायिक वन विकास कार्यक्रममा संलग्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था र परियोजना एवम् उपभोक्ता समूहहरूद्वारा समय-समयमा आयोजित गोष्ठी, सेमिनार, छलफल, अन्तरक्रिया आदि कार्यक्रममा व्यक्त भावनाहरू, अभिव्यक्तिहरू, निष्कर्षहरू र सिफारिसहरू समेतलाई समष्टीगतरूपमा मनन गर्दा मुलुकमा छरिएर रहेका विभिन्न सामुदायिक वन उपभोक्ता समूहहरूको पहिचान र परिचालनद्वारा समूहहरूको बीचमा निम्न





अभिप्रायका लागि आपसी सहयोगात्मक भावनाको विकास गराउनु पर्ने महशुस गरी,

- एक संगठित संस्थाको हैसियतले समुदायमा प्रत्यक्ष संलग्न भै सामुदायिक अधिकार र सामुहिक उत्तरदायित्व, आत्मनिर्भरता, दिगो विकास जस्ता आत्मपरक कुरालाई समुदायमा अभिवृद्धि गराउन,
- सामुदायिक वन विकास कार्यक्रममा सहयोग पुऱ्याउँदै आएका सरकारी तथा सामाजिक न्याय सहितका गैरसरकारी संघ संस्थाहरूसँग समन्वयात्मकरूपले विकास अभियानमा सरीक हुन,
- सामुदायिक वन व्यवस्थापनको माध्यमबाट दिगो वन व्यवस्थापन, वन सुशासन र जीविकोपार्जन गरी समुदायका बहुआयामिक सामुदायिक कार्यक्रमहरूलाई एकीकृत रूपले अगाडि बढाउदै लैजानका लागि र विश्वव्यापी रूपमा भयावह किसिमले बिग्रदै गएको बातावरणीय असन्तुलन घटाउन र जलवायु परिवर्तनको असरबारे जनचेतनाको लहर फैलाउन, सामुदायिक वन विकास प्रक्रियामा यथार्थमा आर्थिक, सामाजिक, सांस्कृतिक र लैङ्गिकरूपमा अबसरबाट वन्चित समुदायबाट नै बास्तविकरूपमा योगदान हुनसक्ने भएको र नेपाल पक्ष राष्ट्र भएका संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय अभिसन्धी तथा सम्झौतामा भएका व्यवस्थाहरूलाई वास्तविकताको धरातलमा लागू गर्न र उपभोक्ता समूहहरू एकै सुत्रमा आबद्ध भई समुदायमो सुशासनमा आधारित समावेशी लोकतान्त्रिक सामुदायिक पद्धतिलाई संस्थागत विकास गर्न र आन्तरिक लोकतन्त्रको सुदृढ गराउन बाञ्छनीय भएकोले "सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल" को यो विधान तर्जुमा गरिएको हो ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस विधान अन्तरगत गठित संस्थाको नाम नेपालीमा "सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल" र अंग्रेजीमा "Federation of Community Forestry Users, Nepal" रहने छ र छोटकरीमा FECOFUN (फेकोफन) हुनेछ ।

(२) यो महासंघ एक स्वतन्त्र, स्वशासित, अविच्छिन्न उत्तराधिकारीवाला गैरसाम्प्रदायिक, गैर राजनैतिक, गैर सरकारी एवम् मुनाफा नकमाउने विशुद्ध सामाजिक संस्था हुनेछ ।

(३) यो विधान नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

(क) “महासंघ” भन्नाले यस विधान अन्तरगत गठित “सामुदायिक वन उपभोक्ता, महासंघ, नेपाल” लाई सम्झनु पर्दछ ।

(ख) “विधान” भन्नाले महासंघले यस विधानलाई सम्झनु पर्दछ ।

(ग) “स्थानीय अधिकारी” भन्नाले प्रमूख जिल्ला अधिकारीलाई सम्झनु पर्दछ ।

(घ) “कार्य समिति” भन्नाले महासंघहरूको सबै तहका आ-आफ्ना कार्य समितिहरूलाई जनाउने छ ।

(ङ) “सदस्य” भन्नाले सदस्य-समूहले महासंघको निम्ति छनौट गरेका प्रतिनिधिहरू, र तीबाट निर्वाचित पदाधिकारी समेतलाई जनाउनेछ ।

(च) “सदस्य-समूह” भन्नाले यस विधान बमोजिम महासंघको सदस्यता प्राप्त गरेका सदस्य-समूहलाई सम्झनु पर्दछ ।

(छ) “साधारण-सदस्य” भन्नाले प्रचलित नेपाल कानुनबमोजिम दर्ता भई वन व्यवस्थापन गर्दै आएका समूह भन्ने सम्झनु पर्दछ ।

(ज) “प्रारम्भिक-सदस्य” भन्नाले कुनै भू-भागमा रहेको वन क्षेत्रलाई सामुदायिक रूपमा संरक्षण गर्दै आएको समुदाय भन्ने सम्झनु पर्दछ ।

(झ) “सामुदायिक वन” भन्नाले स्थानीय समुदायले संरक्षण एवम् व्यवस्थापन गर्दै आएको सबै वन क्षेत्रलाई जनाउने छ ।

(ञ) “वन उपभोक्ता” भन्नाले वन क्षेत्रको संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्दै आएका व्यक्ति सम्झनुपर्दछ ।





(ट) “जिल्ला महासंघ” भन्नाले यस विधान र सोको नियमावली बमोजिम जिल्लास्तरमा गठन भई आर्थिक, प्रशासनिक र व्यवस्थापकीयरूपमा स्वायत्त किसिमले सञ्चालित जिल्ला महासंघ भन्ने सम्झनु पर्दछ । यो महासंघ स्थानीयरूपमा समेत दर्ता भएको वा नभएको अवस्थामा समेत रहन सक्नेछ ।

(ठ) “स्थानीय महासंघ” भन्नाले यस विधान र विधान अन्तर्गत रहेर बनेका नीति नियमहरूलाई स्वीकार गरी आफ्नै स्वतन्त्र आर्थिक, प्रशासनिक र व्यवस्थापकिय स्वतन्त्रता रहेको स्वायत्त संस्थाको रूपमा, जिल्ला महासंघ मार्फत राष्ट्रिय महासंघमा आवद्ध गाउँरनगर वा रेञ्जपोष्ट महासंघ भन्ने वुझिनेछ । कुनै जिल्ला महासंघको अधिवेशन वा परिषद्ले आफ्नो जिल्लामा लागू गर्ने निर्णय गरेको स्थानीय महासंघमध्ये कुनै एक प्रकारको मात्र स्थानीय महासंघ स्थापित भएको हुनेछ ।

(ड) “आमसहमती” भन्नाले मतदान नगरी आपसी छलफल र सहमतीका आधारमा निर्णय गर्न र प्रतिनिधि, सदस्य एवम् पदाधिकारी छनौट गर्नका लागि अपनाइने निर्णय प्रक्रियालाई जनाउने छ ।

(ढ) “तोकिएबमोजिम” वा “तोकेबमोजिम” भन्नाले यस विधानले दिएको अधिकार प्रयोग गरी बनाइएको नियमावलीहरूमा तोकिए बमोजिम वा राष्ट्रिय कार्य समितिले तोकेबमोजिम सम्झनु पर्दछ ।

(ण) “सक्रिय” वा “क्रियाशिल“ भन्नाले आफ्नो जिम्मेवारी ८० प्रतिशत पूरा गरेको सूचकहरूले पुष्टि दिएको हुनुपर्ने अथवा निष्क्रियताको आरोपमा कुनै संस्थामा निष्कासनमा नपरेको हुनुपर्ने भन्ने वुझिनेछ ।

(त) “भ्रष्टाचार“ भन्नाले प्रचलित कानुनले परिभाषित गरेको अर्थमा वुझ्नुपर्नेछ ।

(थ) “आचरण“ भन्नाले महासंघको अनुशासन नियमावलीले परिभाषित गरेको अर्थमा वुझ्नुपर्नेछ ।

(द) "पदाधिकारी" भन्नाले सम्बन्धित तहगत संरचनाका महासंघका सम्पूर्ण सदस्य प्रतिनिधिहरूलाई जनाउने छ ।

(ध) "सरोकारवाला" सामुदायिक वन उपभोक्ता महासंघसँग सम्बन्ध भएका विभिन्न संघ, संस्था तथा निकायलाई जनाइनेछ ।

(न) "नियमावली" नियमावली भन्नाले आर्थिक, प्रशासनिक, निर्वाचन लगायत राष्ट्रिय महासंघ तथा तहगत संरचनामा आवश्यकतानुसार निर्माण हुने नियमावलीलाई जनाइनेछ ।

३. **महासंघको छाप, चिन्ह र झण्डा** : महासंघको आफ्नो छुट्टै प्रतिक चिन्ह, छाप र झण्डा हुनेछ । प्रतिक चिन्ह र छाप अनुसूची-१ बमोजिम हुनेछ, र झण्डा अनुसूची-२ बमोजिम हुनेछ ।

४. **महासंघको कार्यालय** : (१) राष्ट्रिय महासंघको "सचिवालय" काठमाडौं उपत्यकामा रहने छ ।

(२) तहगत महासंघहरूको कार्यालयहरू सम्बन्धित महासंघको कार्यसमितिको निर्णयअनुसार स्थापना तथा स्थानान्तरण गरिने छ । यसबारेमा स्थानीय अधिकारी र महासंघका संरचनाहरूलाई जानकारी गराइनेछ ।





## परिच्छेद - २

### ५. लक्ष्य, उद्देश्य र कार्यप्रणाली

प्रचलित *कानून* तथा नेपाल सरकारको नीति निर्देशनको अधिनमा रही सम्बन्धित निकायसँग समन्वय राखी कार्यक्रम सञ्चालन गर्ने गरी महासंघका निम्न लक्ष्य, उद्देश्य र कार्यप्रणाली रहने छन्:

(१) **लक्ष्य** : आमसहभागिताको आधारमा वनको दिगो व्यवस्थापन र उपयोगको माध्यमबाट जीविकोपार्जन र गरिबी न्यूनीकरणका अवशरहरूलाई सुदृढ गर्दै समुदायका सबै वर्गलाई नीति निर्माण र कार्यान्वयन प्रक्रियामा संलग्न गराउन वन उपभोक्ता समूहहरूमा सुशासन, शशक्तिकरण, आत्मवल, आत्मनिर्भरता र आमसहमती अभिवृद्धि गर्दै लैजाने यस महासंघको लक्ष्य हुनेछ ।

(२) **उद्देश्यः** दफा ५.१ को लक्ष्य परिपूर्ति गर्न यस महासंघको निम्नानुसार उद्देश्य रहने छन्:

१. नेपालका सम्पूर्ण वन उपभोक्ता समूहहरू बीच आपसी सहयोग र सद्भाव बृद्धि गराउँदै अनुभवको आदान-प्रदान गराउने र समूह-समूह बीच, समूह र महासंघ बीच एवम् समूह र सरोकारवाला बीच अन्तरसम्बन्ध स्थापना गर्ने ।

२. सबै तहका विभिन्न सरकारी एवम् गैरसरकारी संघ संस्थाहरूसँग समन्वय गर्ने, सञ्जाल बनाउने र उपभोक्ता समूहहरूलाई पनि विभिन्न निकाय र संघ संस्थाहरूसँग समन्वय गराउने ।

३. वन उपभोक्ता समूहहरू र आफ्ना सांगठनिक इकाईहरूमा लोकतान्त्रिकरण, समावेशीकरण, सुशासन र न्यायोचिततालाई सुनिश्चित गर्नको लागि निरन्तर अभियान सञ्चालन गर्ने ।

४. अवसरबाट वञ्चित समुदायको आर्थिक तथा सामाजिक स्तर उठाउन सामुदायिक वनबाट प्राप्त श्रोतको समुचित एवम् न्यायोचित् बाँडफाँड तथा सदुपयोग गर्न प्रेरित एवम् सहजीकरण गर्ने ।

५. सरकारी नीति र कानूनमा देखिएका व्यवहारिक त्रुटीहरूलाई सच्याउन नीतिगत तहसम्म कुरा पुऱ्याउनु तथा नीति, कानून र कार्यक्रम लागू गर्ने क्रममा देखापर्ने अस्पष्टता, अन्यौलता तथा अनपेक्षित ढंगले बारम्बार भैरहने विवादपूर्ण कार्यमा नेपाल सरकारको ध्यानाकर्षण गर्ने /

६. सामुदायिक वन उपभोक्ता समूहको हक हितको संरक्षण सम्बर्द्धनमा सधैं सचेत रहदै राष्ट्रिय सम्पदाको जगेर्ना गर्न तथा सामुदायिक वनको नीति, नियममा अनभिज्ञ समूहमा चेतना अभिबृद्धि गर्न, नीति नियमवारे अवगत गराउन, सामुदायिकताको भावना जागृत गराउन एवम् वन व्यवस्थापनमा गतिशीलता ल्याउन प्रयत्न गर्ने ।

७. सामुदायिक वन क्षेत्रमा उपभोक्ताहरूको आर्थिकस्तर बृद्धि हुने खालका विविध आयमूलक क्रियाकलापहरूको प्रदर्शन, सञ्चालन तथा अनुसन्धान जस्ता कार्यक्रम सञ्चालन गरी सहयोग तथा प्रोत्साहन दिदै उपभोक्ता समूहहरूको आत्मवल र आत्मनिर्भरता बढाउन आयमूलक तथा स्थानीय रोजगारी अभिबृद्धिका कार्यक्रमहरू सञ्चालनमा टेवा पुऱ्याउने ।

८. सामुदायिक वन उपभोक्ता समूहहरूको संलग्नतामा स्थापना र सञ्चालन गरिने वन उद्यम र वन पैदावारको बजारीकरणसँग सम्बन्धित समुदायमा आधारित सहकारी संस्था र कम्पनीहरूलाई प्राविधिक, कानूनी र अन्य आवश्यक सेवा, सहयोग र परामर्श उपलब्ध गराउने,

९. वन पैदावारको विश्वव्यापी बजारिकणको लागि आवश्यक पर्ने दिगो वन व्यवस्थापन र वन एवम् वन पैदावार प्रमाणिकरणको प्रक्रियामा उपभोक्ता समूहहरूलाई सहयोग गर्ने र बैकल्पिक एवम् नवीकरणीय उर्जा प्रवर्द्धनको लागि आवश्यक पर्ने कार्यहरू गर्ने गराउने ।

१०. समुदायस्तरमा सञ्चालन गरिने आधारभूत सेवा जस्तै शिक्षा, स्वास्थ्य, खानेपानी, सञ्चार यातायात आदिसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।

११. नेपाल राष्ट्रको वन, वातावरण, जैविक विविधता, जलवायु परिवर्तन, वन उद्यम, हरित रोजगारी, स्वच्छ संयन्त्र विकास एवम् वैकल्पिक





उर्जा र पर्या पर्यटनसँग सम्बन्धित नीति, रणनीति, कानून, मार्गदर्शन/दिग्दर्शन, योजना/आयोजना/ परियोजना र कार्यक्रम तथा यिनको कार्यान्वयन आदिको अध्ययन, अनुसन्धान, विवेचना वा विश्लेषण गरी सम्बन्धित निकाय वा सरोकारवालाहरू समक्ष सुझाव वा प्रतिक्रिया पेश गर्नका लागि आवश्यक कार्य गर्ने गराउने ।

१२. लोपोन्मूख र खतराको सूचीमा परेका प्राकृतिक स्रोतहरू र जैविक विविधताको महत्व वारे उपभोक्ता समूहमा सचेतनाको अभिबृद्धि गर्ने र त्यसको व्यवस्थापन र उपयोगसँग सम्बन्धित स्थानीय समुदायको पराम्परागत ज्ञान र सीपको संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्न अभिप्रेरित गर्ने र यसका निम्ति सरोकारवालाका बीचमा सहकार्यका लागि अनुकूल वातावरण सृजना गर्ने ।

१३. सामुदायिक वन विकास प्रक्रियालाई निरन्तरता दिन तथा सुदृढीकरण गर्न उपभोक्ताहरूको चाहना र आवश्यकताका अन्य सामुदायिक विकासका क्रियाकलापमा सहयोग पुऱ्याउनुका साथै उल्लेखित लक्ष वमोजिम विभिन्न कार्यक्रमहरू कार्यान्वयन गर्ने र तिनका नतीजा तथा प्रभाव नियमित रूपले अनुगमन र मूल्याङ्कन गर्ने ।

१४. उपरोक्त उद्देश्य परिपूर्तिका लागि कार्यक्रम सञ्चालन गर्दा केन्द्रीयस्तरको भए सम्बन्धित मन्त्रालय एवम् वन विभाग र जिल्लास्तरको भए सम्बन्धित जिल्ला वन कार्यालय, स्थानीय सरकार र आवश्यकताअनुसार जिल्लास्तरका अन्य निकाय र सरोकारवालाहरूसँग समन्वय राखी गरिने छ ।

(३) **कार्यप्रणालीः** यस विधानमा उल्लेखित व्यवस्थाहरूको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपार्ने गरी आफ्ना उद्देश्यहरू परिपूर्तिको लागि महासंघको राष्ट्रिय महाधिवेशनले निर्माण गरेको आवधिक दूरदृष्टि र सो प्राप्तिको निम्ति पहिचान गरिएका रणनीति, कार्यनीति र कार्यक्रमहरूको आधारमा महासंघले सरकारी निकाय, स्थानीय निकाय, नागरिक समाज, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था एवम् परियोजनाहरू समेतको संलग्नता, सहयोग र समन्वयमा देहाय बमोजिमका कार्यहरू गर्नेछ :

१. सामुदायिक वन, सामुदायिक वनमा कृषी वन कार्यक्रम, वातावरण, जैविक विविधता र जडिबुटी व्यवस्थापन सम्बन्धी कार्यक्रम, आयमूलक कार्यक्रम र पर्यावरण संरक्षण लगायत सम्पूर्ण कार्यक्रम सञ्चालन गरी उपभोक्ता समूहहरूको क्षमता अभिबृद्धि गराउन सम्मेलन, गोष्ठी, अन्तरक्रिया, बैठक, भेला, प्रशिक्षण, तालिम आदिको आयोजना गर्नु, गराउनु र त्यस्तोमा भाग लिनु, लिन लगाउनु ।

२. सामुदायिक वन उपभोक्ता समूहहरू बीचको आपसी विवाद वा समूह र अन्य पक्षहरूका बीचको विवाद व्यवस्थापन गर्नु, गराउनु र सोको निम्ति आबश्यक पर्ने सबै किसिमको कार्यहरू गर्नु गराउनु ।

३. नेपाल राज्यका विभिन्न क्षेत्रहरूमा फैलिएर रहेका सामुदायिक वन उपभोक्ता समूहहरूको संलग्नतामा महासंघको यस विधानबमोजिमका संरचनाहरू गठन एवम् सुदृढीकरण गर्न मद्दत गर्नु ।

४. उपभोक्ता समूह गठन हुन नसकेका क्षेत्रहरूमा उपभोक्ता समूह गठन र सामुदायिक वन हस्तान्तरण प्रक्रियामा आवश्यक सहयोग पुऱ्याउनु ।

५. वन, वातावरण र जैविक विविधता, जलवायु परिवर्तन, वन्यजन्तु व्यवस्थापन एवम् वन उद्यम र वन पैदावारको बजारीकरणका बिषयमा अध्ययन, अनुसन्धान गर्नु गराउनु र उपयुक्त सूचना एवम् जानकारीहरू आदान-प्रदान र प्रचार-प्रसार गर्नका लागि आवश्यक पत्रपत्रिका, पुस्तक, श्रव्य-दृश्य एवम् प्रचार-प्रसार समाग्रीहरू उत्पादन, प्रकाशन र बिक्री वितरण गर्नु गराउनु ।

६. नेपाल राष्ट्रको वन, वातावरण र जैविक विविधताको संरक्षणलाई ध्यानमा राखी सम्बन्धित बिषयमा राष्ट्रिय संघ, संस्था, निकाय वा स्थानीय सँगठनहरूसँग पारस्परिक सहयोग बढाई त्यस्तो भावना वा कार्यलाई प्रोत्साहन दिनु दिलाउनु ।

७. सामुदायिक वनका सन्दर्भमा र उपभोक्ता समूहहरूसँग प्रत्यक्षरूपमा सम्बन्धित विषयहरूका वारेमा नीतिगत निर्णय गर्दा आफ्ना विभिन्न सांगठनिक संरचनाहरू मार्फत उपभोक्ता समूहहसम्म छलफल चलाई जिल्ला महासंघहरू मार्फत परामर्श लिएर उपयुक्त निर्णय गर्नु र सञ्चारका माध्यमहरूबाट व्यापक प्रचार प्रसार गर्नु ।





८. वन अधिकारका सर्न्दभमा आवश्यकताअनुसार विभिन्न निकाय, संघ संस्था, नागरिक समाज, परियोजना र राजनैतिक दलहरूसँग सन्तुलित सम्बन्ध कायम गरी नीति निर्माण प्रक्रियामा उपयुक्त योगदान र पृष्ठपोषण गर्नु ।

९. समूह, स्थानीय महासंघ एवम् जिल्ला महासंघहरूले उत्पादन गरेका वन पैदावारमा आधारित वस्तुहरूको राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा बजारिकणरको लागि सहजिकरण गर्ने गराउने ।

१०. पर्यावरणीय पर्यटन (Eco-Tourism) को सम्भाव्यता र विकासलाई ध्यानमा राखी सम्भावित सामुदायिक वन क्षेत्रहरूमा सोसम्बन्धी अभियान सञ्चालन गर्न प्रोत्साहित गर्ने ।

११. महासंघका सबै सांगठनिक इकाईहरू र उपभोक्ता समूहहरूमा सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन अनुगमन र मुल्याङ्कन प्रणालीको विकास गराउनु ।

१२. महासंघको उद्देश्य परिपूर्तिको निम्ति आवश्यक श्रोत र साधनको पहिचान र परिचालन गर्नु, नियमावलीहरू बनाई लागू गर्नु, र अन्य आवश्यक प्रशासनिक लगायतका कार्यहरू गराउनु ।

१३. विधानका उद्देश्यहरू परिपूर्ति गर्ने सन्दर्भमा गर्नुपर्ने अन्य सबै प्रकारका आवश्यक कामहरू गर्नु गराउनु ।

१४. समावेशी नेतृत्व विकासका लागि सिमान्तकृत अल्पसंख्यक, पिछडा वर्ग, आदिवासी, जनजाती, महिला, दलित, अपांग, युवा, मधेशी, तराई, विपन्न समुदाय र पछाडी पारिएका दुर्गम क्षेत्रका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

१५. वनको दिगो व्यवस्थापन, कृषि वन प्रणालीमा आधारित उद्यमहरू विकास गरी हरियाली रोजगारीलाई प्रबर्द्धन गर्ने ।

१६. महासंघका पूर्व पदाधिकारीहरूको अनुभव र सिकाइलाई निरन्तरता दिन तथा महासंघको ऐतिहासिक सम्बन्ध विकासलाई अक्षुण्ण राख्न विभिन्न तहमा सामुदायिक वन पूर्ब अभियानकर्मीहरूको अनुभवलाई संस्थागत गर्ने ।

## परिच्छेद - ३

## सदस्य र सदस्यतासम्बन्धी व्यवस्था

६. **सदस्यको योग्यता** : (१) नेपाल सरकारका सम्बन्धित निकायमा विधान दर्ता भएका वन उपभोक्ता समूहहरू यस महासंघको "साधारण सदस्य" वन्न सक्ने छन् ।

७. **सदस्यको प्रकार** : (१) सदस्यता दुई प्रकारका हुनेछन् ।

१. प्रारम्भिक

२. साधारण सदस्य

८. **सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि** : (१) सदस्यता एवम् नवीकरण शुल्क तोकिएबमोजिम हुनेछ ।

(२) सदस्यता प्राप्तिको निम्ति अपनाउनु पर्ने प्रक्रिया र सदस्यता प्रदान गर्ने विधि तोकिएबमोजिम हुनेछ ।

९. **सदस्यको लागि अयोग्यता** : (१) देहायको अवस्थामा कुनै पनि प्रकारको समूह- सदस्यता कायम रहने छैन :

(क) सदस्य-समूहको अस्तित्व कायम नरहेमा ।

(ख) महासंघलाई बुझाउनु पर्ने रकम तोकिएको अवधिभित्र नबुझाएमा ।

(ग) तोकिएको समयमा समूह-सदस्यता नवीकरण नगराएमा ।

(घ) महासंघको लक्ष, उद्देश्य, हित र मूल्य, मान्यता विपरित काम गरेमा वा महासंघले अवलम्वन गरेको मूल्यमान्यतालाई समूहमा स्थापित गर्न नचाहेमा ।

(ङ) महासंघको कुनै पनि तहबाट आफ्नो कुनै प्रतिनिधि, सदस्य वा पदाधिकारीलाई कारवाहीको लागि सिफारिस भै आएकोमा सो कारवाही नगरी दण्डहिनतालाई प्रश्रय दिएमा ।

(२) उपरोक्त अवस्थामा सदस्यता गुमाएका समूहले आफूले गरेको त्रुटी स्वीकार गरी लिखित सफाई दिएमा स्थानीय महासंघ तथा जिल्ला





महासंघको सिफारिस बमोजिम राष्ट्रिय महासंघले पुनः सदस्यता कायम गर्न सक्नेछ ।

१०. **सदस्य-समूहको काम, कर्तब्य र अधिकारः** सदस्य समूहको अधिकार र कर्तब्य देहाय बमोजिम हुनेछन् :

(१) राष्ट्रिय एवम् जिल्ला महासंघबाट उत्पादित तथा वितरित सम्पूर्ण सूचनाहरू स्थानीय महासंघ मार्फत् अनिवार्य रूपमा प्राप्त गर्ने ।

(२) सदस्य समूहको आमभेला र वैठकहरूमा महासंघका तोकिएका प्रतिनिधि मार्फत नवीनतम् सूचना, केन्द्रीय तथा जिल्लाका नीतिगत निर्णय एवम् राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिगत सवालहरू आदि जानकारी प्राप्त गर्ने ।

(३) तोकिएका जिम्मेवारी वहन नगर्ने आफ्ना महासंघ प्रतिनिधिहरूलाई तोकिएको प्रक्रिया पुऱ्याई फिर्ता बोलाउन पाउने ।

(४) आफ्नो कार्य दक्षता र क्रियाशीलताको आधारमा तोकिएको प्रक्रिया अन्तरगत महासंघ सञ्चालनमा नेतृत्व गर्न अवसर लिन पाउने ।

(५) विवाद व्यवस्थापनमा सहयोग लिने ।

(६) समूह उपर परेका मुद्दामा अदालती प्रक्रियामा कानुनी सेवा लिने तथा अन्य तोकिएका सेवा र अवसरहरू तोकिएको प्रक्रिया अपनाई ग्रहण गर्ने ।

(७) तोकिएको महासंघ प्रतिनिधि तोकिएको अवसरमा समूहमा अनुपस्थित रहेमा निजलाई स्पष्टीकरण लिई प्रतिनिधी परिवर्तनको माग सम्वन्धित महासंघसँग गर्न सक्ने ।

(८) महासंघको नीति निर्माणमा सहयोग पुऱ्याउन सक्ने ।

(९) सूचना प्राप्त गर्न र दिन आवश्यक जिम्मेवारी वहन गर्ने ।

(१०) आफ्नो माग बमोजिमको सेवा प्राप्त गरे वापत् महासंघ सँगको सहमती अनुसारको दायित्व वहन गर्ने ।

(११) आफूले चयन गरी पठाएको महासंघ-प्रतिनिधिलाई सम्वन्धित जिम्मेवारी वहन गराउन आवश्यक पहल तथा वातावरण सिर्जना गर्ने ।

(१२) राष्ट्रिय एवम् जिल्ला महासंघले मागेको आवश्यक सुझाव तथा सहयोगहरू उपलव्ध गराउन समय भित्रै प्रयास गर्ने ।

(१३) महासंघबाट अवसर उपलव्ध गराईएमा तालिम, गोष्ठी आदिको निम्ति सहभागी छनौट गर्दा तोकिएको प्रक्रिया पूरा गर्ने ।

(१४) आफ्नो आवश्यकता र महासंघको क्षमताअनुसार आपसी समझदारीबाट गरिने सहकार्यका सम्पूर्ण समझदारीहरू समय भित्रै पूरा गर्ने ।

११. **महासंघमा प्रतिनिधित्व** : प्रत्येक सदस्य-समूहले आफ्नो आमभेलाबाट चयन गरेका प्रतिनिधिहरूमध्ये कम्तीमा एकजना प्रतिनिधिलाई महासंघको कुनै एक सांगठनिक संरचना वा सो अन्तरगतको कुनै एक अङ्गमा प्रतिनिधित्व गराउन पर्नेछ ।





## परिच्छेद - ४

## महासंघका सांगठनिक संरचनाहरूको गठन

१२. **महासंघको सांगठनिक संरचना** : (१) महासंघको एकीकृत र एउटै राष्ट्रिय नीतिमा आवद्ध रही आ-आफ्नो आर्थिक, प्रशासनिक र व्यवस्थापकीय स्वायत्तताका आधारमा सञ्चालन हुनेगरी महासंघमा देहाय बमोजिमका सांगठनिक संरचनाहरू रहने छन् :

(क) स्थानीय महासंघ

(ख) जिल्ला महासंघ

(ग) प्रादेशिक महासंघ

(घ) संघीय महासंघ

(२) महासंघका कार्यसमितिहरूको कार्यावधी निम्नानुसार हुनेछन् ।

क) संघीय महासंघको ४ बर्ष

ख) प्रादेशिक महासंघ ४ वर्ष

ग) जिल्ला महासंघको ४ बर्ष

(घ) स्थानीय महासंघ ४ बर्ष

१३. **महासंघको गठन प्रक्रिया** : सबै तहका महासंघहरूको गठन गर्दा तहगत रूपमा भौगोलिक र पर्यावरणीय अवस्थिति, आर्थिक र सामाजिक रूपमा विपन्न एवम् पछाडि पारिएका र दलित समुदाय, शारीरिक रूपमा नेत्रहीन तथा अपाङ्ग समुदाय, जातजातीको रूपमा समावेशी किसिमले सदस्य-समूहका वन उपभोक्ता, जनसंख्याको आधारमा अल्पमत एवम् अल्पसंख्यकमा परेका उपभोक्ता र लैंगिकरूपमा महिला पुरुषको समान प्रतिनिधित्व हुने गरी निर्वाचन नियमावलीमा निर्धारित प्रक्रिया बमोजिम कार्य समिति तथा अधिवेशन र राष्ट्रिय महाधिवेशन सभाको गठन हुनेछ ।

१४. **स्थानीय महासंघ** : समान हैसियत हुनेगरी गाउँ/नगर वा रेञ्जपोष्ट महासंघको गठन गर्नुपर्नेछः

(१) जिल्ला महासंघको अधिवेशनले कुनै एक क्षेत्रका लागि स्थानीय महासंघमध्ये कुनै एक संरचना मात्र स्थापना गर्ने निर्णय गर्न सक्ने छ ।

(२) महासंघ गठनका लागि समूहहरूका प्रतिनिधिहरूको अधिवेशन भेला स्थानीय महासंघले तोकिएअनुसार बस्नेछ र सो अधिवेशन भेला नै स्थानीय महासंघको अधिवेशन सभा हुनेछ ।

(३) अधिवेशनले स्थानीय महासंघ कार्यसमिति गठन गर्नका साथै जिल्ला अधिवेशनको लागि नियमावलीमा तोकिएअनुसार प्रतिनिधि छनौट गर्नेछ ।

(४) उपदफा ३ अनुसार गठन भएको स्थानीय महासंघको अवधि कायम भएको अवस्थामा जिल्ला अधिवेशनका लागि प्रतिनिधि छनौट स्थानीय महासंघको परिषद् बैठकबाट गरिनेछ ।

१५. **जिल्ला महासंघको अधिवेशन** :

**जिल्ला महासंघको अधिवेशन देहाय बमोजिम व्यवस्था हुनेछ ।**

(१) स्थानीय महासंघबाट जिल्ला अधिवेशनका लागि छनौट भएका प्रतिनिधिहरू

(२) थानीय महासंघका कार्यसमितिका अध्यक्ष सहित २ जना (१ महिला सहित)

(३) जिल्ला अधिवेशन आयोजक समितिका पदाधिकारीहरू

(४) न्यायीक समिति, लेखा तथा अनुगमन समितिका पदाधिकारी सदस्यहरू प्रतिनिधिको रूपमा सहभागी हुन सक्ने

(५) जिल्ला कार्य समितिको गठन तोकिए बमोजिम हुनेछ ।

क. प्रादेशिक महासंघको गठन (१) प्रादेशिक महासंघको अधिवेशनमा लैङ्गिक समानताका आधारमा १ देखि १५ समूह सदस्य संख्या भएका प्रत्येक स्थानीय महासंघबाट ६ जना, १६ भन्दा माथि समूह सदस्य संख्या भएका स्थानीय महासंघवाट ८ जना प्रतिनिधिका साथै जिल्ला महासंघबाट २ जना र प्रादेशिक महासंघको कार्यसमितिका सदस्यहरू प्रतिनिधि हुनेछन् ।

(२) प्रादेशिक महासंघको कार्यसमितिको गठन सांगठनिक नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।





१६. **राष्ट्रिय महाधिवेशन** : (१) प्रत्येक ४ वर्षमा आयोजना हुने राष्ट्रिय महाधिवेशन महासंघको सर्वोच्च अङ्ग हुनेछ

(२) राष्ट्रिय महासंघको कार्य समितिले निर्धारण गरेको स्थान र समयमा "राष्ट्रिय महाधिवेशन" बस्नेछ ।

(३) राष्ट्रिय महाधिवेशनमा निर्वाचन नियमावलीमा तोकिएबमोजिम प्रत्येक जिल्ला महासंघबाट आवद्ध समूह-सदस्य संख्याको आधारमा जिल्ला अध्यक्ष समेत लैगिंक समानता हुनेगरी घटीमा २ र बढीमा १० जना सम्म प्रतिनिधिहरू रहने छन ।

**(क) राष्ट्रिय महाधिवेशन प्रतिनिधि देहायबमेजिम हुनेछ ।**

(अ) जिल्ला महासंघका कार्य समितिका अध्यक्ष सहित २ जना (१ महिला सहित)

(आ) जिल्ला महासंघबाट जिल्ला अधिवेशन/जिल्ला परिषद्बाट तोकिएअनुसार छनौट भएका प्रतिनिधिहरू

(इ) राष्ट्रिय अधिवेशन आयोजक समितिका पदाधिकारी

(ई) यायीक समिति, लेखा तथा अनुगमन समितिका पदाधिकारी सदस्यहरू ।

(उ) राष्ट्रिय कार्य समितिका सल्लाहकारहरू पर्यवेक्षकको रूपमा सहभागी हुन सक्ने ।

(४) **राष्ट्रिय महाधिवेशनको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) कार्यसमिति र अन्य समितिहरूद्वारा प्रस्तुत बार्षिक तथा अन्य प्रतिवेदन, आय-व्यय एवम् लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी स्वीकृत गर्ने र आगामी वर्षको कार्यक्रम एवम् बजेट पारित गर्ने ।

(ख) कार्यसमितिबाट प्रस्तुत प्रस्तावहरू र बिषय सूचीमा समावेश गरिएका अन्य विषयमाथि छलफल गरी निर्णय गर्ने ।

(ग) महासंघको दूरदृष्टि निर्माण गरि नीति, रणनीति र योजना र भावी कार्यक्रमहरू तय गर्ने ।

(घ) आवश्यकताअनुसार विधानमा संशोधन तथा परिमार्जन गर्ने ।

(ङ) न्यायिक समिति र लेखा तथा अनुगमन समितिका संयोजक र सदस्यहरूको छनौट गर्ने ।

(च) लेखापरीक्षक नियुक्ती अनुमोदन गर्ने ।

(छ) निर्वाचन समिति गठन प्रक्रिया अनुमोदन गर्ने ।

(ज) राष्ट्रिय कार्यसमितिको पदाधिकारीको छनौट गर्ने ।

(५) **सल्लाहकार समितिको व्यवस्थाः** राष्ट्रिय महासंघ, जिल्ला महासंघ र स्थानीय महासंघले भूतपुर्व अध्यक्षहरू रहने गरी सल्लाहाकार समितिको गठन गरिनेछ ।

१७. **राष्ट्रिय परिषद्** : (१) राष्ट्रिय परिषद् महासंघको दोश्रो प्रमुख अंग हुनेछ । जसले खास गरी नेपाल राष्ट्र भरिका जिल्ला महासंघहरूले प्राप्त गरेको अनुभवहरू साटासाट गर्ने, त्यस अबधि भित्र गरिएका सेवामूलक एवम् सांगठनिक क्रियाकलापहरूको विश्लेषण गरी नयाँ क्रियाकलापहरू पहिचान गर्ने काम गर्नेछ । राष्ट्रिय कार्यसमितिले तोकेको स्थान र समयमा प्रत्येक दुई वर्षमा एक पटक “राष्ट्रिय परिषद्” बस्नेछ, जसमा देहाय बमोजिमका पार्षदहरू रहने छन् :

(क) सबै जिल्ला महासंघका अध्यक्षहरू ।

(ख) हरेक जिल्ला महासंघले तोकिदिएको एक जना महिला वा पुरुष (अध्यक्ष पुरुष भए महिला प्रतिनिधि र अध्यक्ष महिला भए पुरुष प्रतिनिधि) ।

(ग) राष्ट्रिय महासंघको कार्यसमितिका पदाधिकारी र सदस्यहरू ।

(घ) कार्यसमितिले छनौट गरेका विशिष्ट पाहुनाहरू, बिषयगत विज्ञ एवम् कर्मचारी र सहकार्य गर्ने संस्थाहरूका प्रतिनिधिहरू पर्यवेक्षकको रूपमा रहनेछन् ।

(२) राष्ट्रिय परिषद्को काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यसमितिले गरेका कार्यहरू एवम् निर्माण गरेका नियमावलीहरू र तत्काल बाधा अड्काउ फुकाउन आवश्यक महशुस गरी ल्याइएका प्रस्तावहरू माथि छलफल गरी अनुमोदन गर्ने ।





(ख) बिषयसूचीमा समावेश गरिएका अन्य विषयमाथि छलफल र निर्णय गर्ने ।

(ग) राष्ट्रिय परिषद्ले महासंघको विधान विशेष परिस्थितिमा राज्यको पुर्नसंरचना भएको अवस्थामा मात्र बढिमा एक पटकका लागि संशोधन गर्न सक्ने छ ।

(३) जिल्ला महासंघको र स्थानीय महासंघको परिषद् तोकिएअनुसार हुनेछ ।

१८. **राष्ट्रिय महासंघको कार्यसमिति गठन विधि** : (१) राष्ट्रिय महासंघ गठन गर्ने दायित्व सम्पूर्ण महाधिवेशन प्रतिनिधिहरूको हुनेछ । महाधिवेशनका प्रतिनिधिहरूनै राष्ट्रिय कार्य समिति छनौटका लागि मतदाता हुनेछन् ।

(२) तोकिएका योग्यता हाँसिल गरिसकेका जुनसुकै मतदाताहरू क्षेत्रीय आमसहमतीद्वारा वा निर्वाचन प्रक्रियाद्वारा राष्ट्रिय कार्य समितिको सदस्य पदमा उम्मेदवार हुन पाउने छन् ।

(३) संघीय महासंघको राष्ट्रिय कार्य समिति गठन गर्दा सांगठनिक नियमावलीमा व्यवस्था गरिए बमोजिम प्रदेशिक संरचनाका आधारमा र लैङ्गिक समानता र समावेशी हुनेगरी बढीमा ८५ सदस्यीय राष्ट्रिय कार्यसमिति गठन गरिने छ ।

१९. **पदाधिकारीको छनौट** : (क) निर्वाचित सदस्यहरू मध्येबाट आम सहमतिको आधारमा तोकिएका योग्यता पूरा गरेका सदस्यहरू मध्ये अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष ५ पद मध्ये अध्यक्ष र महासचिव मध्ये १ पदमा महिला र उपाध्यक्ष र कोषाध्यक्ष मध्ये १ पदमा महिला हुनेगरी पद विभाजन गर्नुपर्ने छ । सहमती कायम हुन नसकेको पदको हकमा मतदानद्वारा निर्क्यौल हुनेछ । उल्लेख भएअनुसार जिल्ला तथा स्थानीय महासंघमा लागू हुनेछ ।

(ख) राष्ट्रिय कार्य समितिले आवश्यक्तानुसार ११ जना सम्मको स्थायी समिति गठन गर्न सक्नेछ जसमा अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष पदेन सदस्य हुनेछन् । समावेशी स्थायी समिति गठन हुनेछ ।

(ग) राष्ट्रिय महासंघको कार्यसमितिमा एकपटक अध्यक्ष भइसकेको व्यक्ति पूनःसोही अध्यक्ष पदको लागि उम्मेदवार बन्न पाउने छैन ।

२०. **राष्ट्रिय कार्य समितिको काम, कर्तब्य र अधिकार** : (१) राष्ट्रिय महासंघको कार्यसमितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थायी समिति गठन गर्ने

(ख) कार्यसमितिका पदाधिकारी तथा सदस्यको संयोजकत्वमा आवश्यकता अनुसार कार्य समितिका सदस्यहरू र विशेषज्ञहरू समेत संलग्न गरी विभिन्न उप-समितिहरू गठन तथा विघटन गर्ने र त्यस्ता समितिहरूको काम कर्तब्य निर्धारण गरी समन्वयात्मकरूपमा परिचालन गर्ने ।

(ग) प्रचलित कानून र यस विधानको सिद्धान्त विपरित नहुने गरी विधानको ब्याख्या गर्ने, आवश्यकता अनुसार सांगठनिक नियमावली, कर्मचारी प्रशासन नियमावली, आर्थिक प्रशासन नियमावली र अन्य आवश्यक नियमावलीहरू बनाई लागू गर्ने, संशोधन गर्ने वा खारेज गर्ने। तर यस्ता नियमावलीहरू राष्ट्रिय महाधिवेशन वा परिषद्बाट अनुमोदन गराउनु पर्नेछ ।

(घ) सामुदायिक वनसँग सम्बन्धित सार्वजनिक महत्वका विषयहरूमा महासंघको अवधारणा सार्वजनिक गर्ने ।

(ङ) आफ्ना सम्पूर्ण पदाधिकारी र सदस्यहरूलाई समूह, स्थानीय र जिल्ला महासंघहरूप्रति जवाफदेहिता वहन गराउने कार्यसूचि निर्माण गरी लागू गराउने ।

(च) आफ्ना सम्पूर्ण सदस्य पदाधिकारीहरूको कार्यक्षमता बृद्धिको निम्ति आवश्यक तालिम गोष्ठीको व्यवस्था गरी अनिवार्य उपस्थितिको व्यवस्था मिलाउने ।

(छ) राष्ट्रिय परिषद्लाई सामुदायिक वनको राष्ट्रिय अनुभव आदानप्रदान गर्ने थलोको रूपमा व्यवस्था मिलाउन प्रयास गर्ने ।





(ज) समसामयिक विषयहरूमा क्षेत्रीय र राष्ट्रिय कार्यशाला गोष्ठीहरूको आयोजना गरी प्राप्त सुझावहरूलाई प्राथमिकताको आधारमा लागू गर्दै लाने ।

(झ) न्यायिक समिति, कार्यक्रम विकास समिति एवम् अनुगमन समिति तथा निर्वाचन समितिको प्रतिवेदनहरू अध्ययन गरी संगठनको क्रियाकलापमा सुधार ल्याउन आवश्यक पहल गर्ने ।

(ञ) राष्ट्रिय सचिवालय सञ्चालन प्रक्रियामा सुशासन कायम गर्न आवश्यक सूचकहरू निर्माण गरी आवश्यकरूपमा निरीक्षण र परीक्षण गराउने व्यवस्था मिलाउने ।

(ट) जिल्ला एवम् स्थानीय महासंघ र सदस्य-समूहलाई सेवा उपलब्ध गराउने विभिन्न प्रक्रियाहरू निम्नानुसार मिलाउने-

(अ) स्थायी समिति मार्फत-केन्द्र, जिल्ला तथा स्थानीय महासंघको संस्थागत विकासको पाटोमा आन्तरिक श्रोत र बाह्य सहयोगबाट

(आ) योग्यता प्राप्त सदस्यहरू एवम् पेशागत विशिष्टता प्राप्त कर्मचारी तथा स्वयम् सेवकहरू मार्फत विभिन्न योजना-परियोजनाद्धारा बाह्य श्रोत वटुली सदस्य समूहको सर्वाङ्गीण विकासका पाटाहरूमा ।

(ठ) महासंघको विधानमा उल्लेखित लक्ष्य र उद्देश्यहरू प्राप्ति र नियमावलीहरूमा उल्लेखित व्यवस्थाहरूको कार्यान्वयनको लागि आवश्यक पर्ने अन्य सम्पूर्ण कार्यहरू गर्ने गराउने ।

(ड) जिल्ला महासंघ निश्क्रिय भएको अवस्थामा जिल्ला महासंघ विघटन गरी तदर्थ समिति गठन गर्ने ।

२१. **कार्यसमितिको बैठक** : (१) राष्ट्रिय महासंघको कार्यसमितिको बैठक सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(क) कार्य समितिको बैठक बर्षमा कम्तीमा ३ पटकसम्म बस्ने छ र एउटा बैठक र अर्को बैठकको बीचको अवधी ६ महिना भन्दा बढी हुने छैन ।

(ख) राष्ट्रिय कार्य समितिको बैठकको गणपूरक संख्या बहालवाला पदाधिकारी र सदस्यहरूको कूल संख्याको ५१ प्रतिशत हुनेछ ।

(ग) पहिलो पटक गणपुरक संख्या नपुग भै दोश्रो पटक बैठक बोलाइएको भए ४० प्रतिशत उपस्थिति आवश्यक हुनेछ र दोश्रो पटक पनि गणपूरक संख्या अपूग भै तेश्रो पटक बैठक बोलाइएको भए जति जना उपस्थित भएपनि सोही संख्यालाई नै गणपुरक संख्या मानिने छ ।

(घ) राष्ट्रिय कार्य समितिको बैठक सञ्चालनसम्बन्धी कार्यविधि सांगठनिक नियमावलीमा व्यवस्था भएबमोजिम हुनेछ ।

२२. **स्थायी समितिको काम, कर्तब्य र अधिकार** : स्थायी समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) महासंघको लक्ष र उद्देश्य वमोजिम आवधिक तथा वार्षिक कार्यक्रमहरू तर्जुमा गरी कार्य समितिबाट पारित गराई कार्यान्वयन गर्ने र त्यसको प्रगति प्रतिवेदन तयार गरी कार्य समिति समक्ष पेश गर्ने ।।

(ख) कार्यसमितिले गरेका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने ।

(ग) कर्मचारी प्रशासन नियमावलीको अधिनमा रही कर्मचारी नियुक्त गर्ने, काममा लगाउने, निर्देशन दिने, नियन्त्रण गर्ने, सेवाबाट हटाउने तथा पूनरवहाली गर्ने ।

(घ) आर्थिक प्रशासन नियमावलीको अधिनमा रही आर्थिक कारोवार र खर्चको पुनरावलोकन गर्ने तथा कार्य समितिबाट अनुमोदन गराउने गरी रकमान्तर गर्ने ।

(ङ) स्वीकृत बजेट अन्तर्गत रही बार्षिक कार्यक्रम अनुरूपका क्रियाकलापहरू सञ्चालन गर्ने, सम्पन्न भैसकेका कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन गरी आवश्यकताअनुसार सुधार गर्ने ।

(च) बार्षिक कार्यक्रम र बजेट बनाई स्वीकृतिको लागि कार्य समितिमा पेश गर्ने ।





(छ) बैंक खाता र कोषहरू खोली सञ्चालन गर्ने गराउने ।

(ज) आवश्यकताअनुसार विभिन्न निकाय, संघ संस्था, नागरिक समाज, परियोजना आदिसँग सम्बन्ध, समन्वय र सम्पर्क गर्ने गराउने ।

(झ) आवश्यकता अनुसार विषयगत समितिहरूको गठन, कार्य विभाजन र परिचालनका लागि राष्ट्रिय कार्य समिति समक्ष सिफारिस गर्ने ।

२३. **स्थायी समितिको बैठक** : स्थायी समितिको बैठकसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) स्थायी समितिको बैठक प्रत्येक महिना कम्तीमा एक पटक वस्नु पर्नेछ र आवश्यकताअनुसारका अन्य बैठकहरू पनि वस्न सक्नेछन् । यस्ता बैठक वस्ने मिति स्थायी समिति आफैले निर्धारण गर्नेछ ।

(ख) स्थायी समितिको बैठकसम्बन्धी कार्यविधि नियमावलीमा व्यवस्था भएबमोजिम हुनेछ ।

२४. **प्रतिनिधि, पदाधिकारी र सदस्यहरूको काम, कर्तब्य र अधिकार** :

प्रतिनिधि, पदाधिकारी र सदस्यहरूको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ : (१) महाधिवेशन वा अधिवेशन तथा परिषद्का लागि छनौट भएका प्रतिनिधिहरूको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछः

(क) महाधिवेशन वा अधिवेशनमा छलफल भै पारित भएका विषयवस्तुहरूका वारेमा आ-आफ्नो कार्यसमिति र उपभोक्ता समूहको नियमित बैठकमा अनिवार्यरूपमा जानकारी गराउने,

(ख) महाधिवेशन/परिषद् वा अधिवेशनमा भाग लिन आउँदा आफ्नो संगठनको तर्फबाट प्रस्तुत गर्नुपर्ने प्रतिवेदन तथा विवरणहरू लिखित रूपमा तयार गरी ल्याउनु पर्ने,

(ग) महाधिवेशन तथा परिषद् एवम् अधिवेशनमा तोकिएका आचार संहिताको पालना गर्नुपर्ने,

(घ) आफ्ना भावना, विचार र अनुभवहरूलाई स्वतन्त्र, निश्पक्ष, स्पष्ट र संयमितरूपमा प्रस्तुत गर्न पाउने अधिकारको प्रयोग गर्न सक्ने,

(ङ) तोकिएअनुसार चुन्न, चुनिन पाउन ।

(२) महासंघका पदाधिकारी र सदस्यहरूको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

**अध्यक्ष :**

(क) महासंघको उद्देश्य परिपूर्तिको लागि मुख्य कार्यकारिणीको रूपमा आवश्यक पर्ने सबै प्रकारका कार्यहरू गर्ने,

(ख) सरोकारवाला निकाय, संघ संस्था र नागरिक समाजसँग समन्वय एवम् सञ्जाल गर्ने, गराउने ।

(ग) महासंघ र सामुदायिक वनको नीतिगत विषयमा आवश्यक पर्ने कार्यहरू गर्ने ।

(घ) बैठकको अध्यक्षता गर्ने, मत बरावर आएमा निर्णायक मत दिने ।

(ङ) कार्य समिति एवम् स्थायी समितिको निर्णयअनुसार तोकिएका अन्य जिम्मेवारी पूरा गर्ने र आवश्यकता अनुसार आफूलाई प्राप्त अधिकारको प्रयोग गर्ने ।

(च) आय व्यय, खाता तथा निर्णय प्रमाणित गर्ने ।

**उपाध्यक्ष :**

(क) महासंघद्वारा सञ्चालित कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन गर्ने ।

(ख) कार्यसमितिका सदस्यहरूको जिम्मेवारी र कार्यसम्पादनको अनुगमन र मूल्यांकन गरी आवश्यक कार्यका लागि स्थायी समिति एवम् राष्ट्रिय कार्य समिति समक्ष पेश गर्ने ।

(ग) अध्यक्षको सहयोगीको रूपमा वा अध्यक्षले अधिकार प्रत्यायोजन गरिदिएका कामहरू गर्ने ।

(घ) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै काम गर्ने ।





(ङ) निर्णय अनुसार तोकिएका अन्य कामहरू गर्ने ।

**महासचिव :**

(क) महासंघको सांगठनिक सुदृढीकरण र वकालतका कार्यहरूको लागि विभिन्न तहमा समन्वय गर्ने,

(ख) आवश्यकता अनुसार प्रगति प्रतिवेदन तयार गरी महाधिवेशन, परिषद्, कार्य समिति र स्थायी समितिको बैठकमा पेश गर्ने ।

(ग) अध्यक्षको परामर्श अनुसार कार्य समिति र स्थायी समितिको बैठक बोलाउने ।

(घ) निर्णयद्वारा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

(ङ) दैनिक प्रशासन सञ्चालनका लागि कर्मचारीहरूमा भएको कामको बाँडफाँड अनुसार कार्य सम्पन्न गराउने ।

**सचिव :**

(क) महासंघको प्रवक्ताको काम गर्ने ।

(ख) सचिवालयमा प्राप्त हुने सूचनाहरू र अभिलेख व्यवस्थित गर्ने गराउने र सूचना सम्प्रेषण तथा प्रवाहको व्यवस्था गर्ने गराउने ।

(ग) महासचिवको अनुपश्थितिमा महासचिवले गर्ने सम्पूर्ण काम गर्ने ।

**कोषाध्यक्ष :**

(क) आर्थिक कारोवारको मुख्य जिम्मेवारी लिई आय-व्ययको सम्पूर्ण अभिलेख राख्ने र राख्न लगाउने,

(ख) सम्पूर्ण जिन्सी सामानहरूको पूर्ण जिम्मेवारी लिने,

(ग) महाधिवेशन र कार्यसमितिको बैठकमा आर्थिक प्रगति प्रतिवेदन पेश गर्ने,

(घ) आर्थिक नियमावली कडाइका साथ लागू गर्ने र मितव्ययिताको सिद्धान्त अपनाउने,

(ङ) नियमानुसार आन्तरिक एवम् बाहय लेखा परीक्षण गराउने,

(च) विभिन्न शुल्कहरू तोकिएको अवधि भित्र अशुल-उपर गर्ने गराउने,

(छ) लेखा सम्वन्धी तोकिएका अन्य सम्पूर्ण कामहरू गर्ने ।

**सदस्यहरू :**

(क) क्षमता अनुसारको काम गर्न जिम्मेवारी लिने दिने ।

(ख) कार्य समिति, स्थायी समिति वा अध्यक्षले दिएको जिम्मेवारी अनुसारको काम गर्ने ।

(ग) आफ्नो क्षेत्रका जिल्ला महासंघहरू र आफ्नो स्थानीय महासंघ तथा समूहको प्रत्यक्ष सम्पर्कमा रही आवश्यक समन्वय र सहयोग गर्ने गराउने ।

२५. **जिम्मेवारीहरूको बाँडफाँड** : कार्यसमितिका पदाधिकारी र सदस्यहरूका बीचमा काम, कर्तब्य र अधिकारको बाँडफाँड गर्दा सँगठन सुदृढीकरण, क्षमता विकास र वकालत जस्ता महत्वपूर्ण कार्यहरूको सन्तुलन मिलाउनु पर्नेछ ।





## परिच्छेद - ५

## विशेष समिति सम्बन्धी व्यवस्था

२६. **विशेष समितिहरू** : (१) महासंघका विभिन्न सांगठनिक संरचनाहरूको गठन, सांगठनिक सुदृढिकरण र सुशासन एवम् योजनाहरूको प्रभावकारी कार्यान्वयन गर्न राष्ट्रिय महाधिवेशनले देहाय बमोजिमका समितिहरू गठन गर्नेछ :

(क) लेखा तथा अनुगमन समिति

(ख) न्यायिक समिति

(ग) निर्वाचन समिति

(२) राष्ट्रिय महाधिवेशनले लेखा तथा अनुगमन समिति र न्यायिक समितिको लागि अलग-अलग रूपमा देहायका व्यक्तिहरूमध्येबाट संयोजक सहित अन्य कम्तीमा २ महिला र २ पुरुष हुने गरी ५ जना छनौट हुनेछन् जसमध्ये ३ जना अनिवार्य रूपमा पूर्व राष्ट्रिय कार्य समितिमा एक पदावधी कार्य गरेको हुनु पर्नेछ ।

(क) संयोजकको हकमा राष्ट्रिय महासंघको कार्य समितिमा रही कम्तीमा एक कार्यकाल पूरा अवधी काम गरेको,

(ख) सम्वन्धित विषयमा ज्ञान, शीप र जानकारी हासिल गरी क्षमता विकास गरेको,

(ग) महाधिवेशन प्रतिनिधिको रूपमा रहेको,

(३) यस विधानमा अन्यत्र व्यवस्था भएको र विभिन्न नियमावलीहरूमा तोकिएको कार्यका अतिरिक्त यी समितिहरूको काम, कर्तब्य र अधिकार सामान्यतः देहाय बमोजिम हुनेछ :

२७. **न्यायिक समिति** : महासंघको अनुशासन नियमावली र आवश्यकताअनुसार अन्य नियमावली बमोजिमको कार्यविधि अपनाई न्यायिक समितिले निम्न कार्यहरू गर्नेछ :

(क) महासंघको सबै तहका सांगठनिक संरचनाभित्र रहेका आन्तरिक विवादहरूको व्यवस्थापन गर्ने ।

(ख) अनुशासनसम्बन्धी नियमावली लागू गर्ने ।

(ग) विधान, नियमावलीहरू र महाधिवेशन एवम् परिषद् साथै बैठकहरूले तोकिदिएका जिम्मेवारी वहन नगर्ने जुनसुकै तहका कार्य समितिका पदाधिकारी र सदस्यलाई सो कार्य वहन गर्न लगाउने र आफ्नो जिम्मेवारी वहन नगर्नेलाई तोकिएको प्रक्रिया अपनाई निस्काशन गर्न सम्बन्धित कार्यसमिति र सदस्य-समूहलाई निर्देशन गर्ने ।

(घ) निर्देशन पालना नगर्ने पदाधिकारी, सदस्य, कार्यसमिति वा सदस्य-समूहलाई विधान र नियमावलीहरूअनुसार आवश्यक कारवाहीको लागि महाधिवेशन तथा अधिवेशन समक्ष सिफारिस गर्ने ।

(ङ) आफ्ना निर्णयहरू पुनरावलोकन गर्नुपर्ने अवस्था देखिएमा सो कार्य गर्ने ।

(च) आफ्नो कार्य प्रभावकारीरूपमा सम्पन्न गर्नको लागि आवश्यकताअनुसार विषय-विज्ञहरूको सहयोग लिई कार्य गर्ने ।

(छ) आफुले गर्न परेको कार्यवाहीको कारण र निष्कर्षहरू सम्वन्धित सदस्य-समूहदेखि तहगत सवै कार्य समितिमा जानकारी दिनुपर्ने ।

२८. **लेखा तथा अनुगमन समिति** : (१) महासंघको विधान र नियमावली एवम् दूरदृष्टि र योजनाहरूलाई मध्यनजर राखी यो समितिले देहायबमोजिमका कार्यहरू गर्नेछ :

(क) राष्ट्रिय महासंघबाट सञ्चालित कार्यक्रमहरू न्यूनतम् खर्च-अधिकतम् उपलब्धीको मान्यता अनुरूप सञ्चालन भएका छन् वा छैनन् भन्ने वारेमा एकिन गर्न कम्तिमा २-२ महीनामा कार्यमूलकरूपमा आन्तरिक लेखा परिक्षण गर्ने गराउने ।

(ख) आर्थिक नियमावलीलाई प्रभावकारी रूपमा लागू गराई तत्काल वेरुजु फर्छोट गर्न लगाउने ।





(ग) महासंघद्वारा सञ्चालित परियोजनाहरूको अनुगमन र मुल्याङ्कन गरी परियोजना सञ्चालनसम्बन्धी जिम्मेवार व्यक्ति र स्थायी समितिलाई आवश्यक सल्लाह, सुझाव र पृष्ठपोषण उपलब्ध गराउने,

(घ) आवश्यकताअनुसार स्थायी समितिबाट विभिन्न पदहरू सृजना गराई विषय-विज्ञहरूको सेवा लिई कार्य गर्ने ।

(२) जिल्ला एवम् स्थानीय महासंघको अधिवेशनले आफ्नो आवश्यकता अनुसार न्यायिक समिति र लेखा तथा अनुगमन समिति गठन गर्न सक्नेछन् । यसरी यी समितिहरूको गठन गर्ने निर्णय गरिएको भए सोको जानकारी राष्ट्रिय महासंघको सचिवालयमा पठाउनु पर्नेछ ।

२९. **निर्वाचन समिति** : (१) राष्ट्रिय महाधिवेशनबाट कार्यसमितिको गठनको लागि राष्ट्रिय महासंघको संस्थापक-सदस्य समूहका उपभोक्ताहरू र महासंघका पूर्व पदाधिकारी र अन्य अनुभवी व्यक्ति मध्येबाट छनौट गरी स्थायी समितिको सिफारिसमा विद्यमान कार्यसमितिले देहायका व्यक्तिहरू मध्येबाट राष्ट्रियस्तरमा कम्तीमा २ जना महिला पर्नेगरी एकजना संयोजक र एकजना सचिव सहित ३-५ जनासम्मको एक निर्वाचन समिति गठन गर्नेछ :

(क) महासंघको विधान र नियमावलीहरूको वारेमा प्रयाप्त जानकारी भएको,

(ख) राष्ट्रिय तथा स्थानीयस्तरमा हुने विभिन्न किसिमका निर्वाचन प्रणालीहरूको वारेमा ज्ञान हासिल गरेको,

(ग) महासंघको पदाधिकारी र सदस्य हुनको लागि निर्वाचनमा भाग नलिएको वा नलिने महाधिवेशन प्रतिनिधि वा वन उपभोक्ताको रूपमा रहेको,

(२) राष्ट्रियस्तरमा गरिने निर्वाचन समितिको गठनसम्बन्धी निर्णयलाई राष्ट्रिय महाधिवेशनमा अनुमोदन गराउनु पर्नेछ ।

(३) जिल्ला महासंघ र अन्य स्थानीय महासंघहरूले यसै विधानको अधिनमा रही आ-आफ्नो अधिवेशन प्रयोजनको लागि तोकिए अनुसारको निर्वाचन समिति गठन गर्नेछन् । अधिवेशन/परिषद्‌बाट निर्वाचन समितिको गठनसम्बन्धी निर्णय अनुमोदन गराउनु पर्नेछ ।

(४) राष्ट्रिय महासंघको लागि आफ्नो कार्यअवधि समाप्त हुनु भन्दा कम्तीमा ३ महिना अगावै निर्बाचन समिति गठन गर्ने र स्थानीय महासंघ र जिल्ला महासंघको हकमा सम्बन्धित महासंघले तोकिएअनुसार हनेछ ।

(५) महासंघका तहगत संरचनामा निर्वाचन समिति बनाई सो समिति मार्फत निर्वाचन नियमावली लागू गर्नु पर्नेछ ।

(६) सबै जिल्ला महासंघ र स्थानीय महासंघहरूमा सम्पन्न भएमा निर्वाचन सम्बन्धी तोकिएका प्रमाणित विवरणहरू निर्वाचन सम्पन्न भएको १५ दिनभित्र सम्बन्धित महासंघले राष्ट्रिय महासंघको सचिवालयमा पठाउनु पर्नेछ ।

(७) राष्ट्रियस्तरमा गठित निर्वाचन समितिले आवश्यकताअनुसार जिल्ला महासंघ वा स्थानिय महासंघको निर्वाचन प्रक्रिया अनुगमन वा निरीक्षण गर्न सक्नेछ ।

(८) जिल्ला महासंघ र स्थानीय महासंघका लागि सम्पन्न भएका निर्वाचन परिणाम सम्वन्धी उजुरीको सम्बन्धमा छानविन गरी निर्णय गर्ने अधिकार राष्ट्रियस्तरमा गठित न्यायिक समितिलाई हुनेछ ।

(९) निर्वाचन समितिले छनौट भएका पदाधिकारीहरूलाई प्रमाण पत्र वितरण गर्ने र यसरी निर्वाचन सम्पन्न भएको प्रतिवेदन बुझाएपछि निर्वाचन समिति स्वतः विघटन भएको मानिने छ ।

(१०) निर्वाचन समितिमा भाग लिएका सदस्य पदाधिकारीले मतदान गर्न पाउने छैन ।

३०. **विशेष समितिहरूको कार्य अवधी र प्रतिवेदन** : यी सबै विषेश समितिहरूले आफ्नो कार्य अवधीभरमा सम्पन्न गरेका क्रियाकलापहरूको प्रतिवेदन तयार गरी राष्ट्रिय महाधिवेशन र परिषद्मा प्रस्तुत गर्नका लागि राष्ट्रिय महासंघको सचिवालयले उपयुक्त स्रोत साधन उपलब्ध गराउने छ ।





# परिच्छेद - ६

## आर्थिक व्यवस्था

३१. **आर्थिक स्रोत** : महासंघको एउटा छुट्टै कोष हुनेछ जसमा देहायबमोजिमका रकमहरू समावेश हुनेछ :

(क) सदस्यता शुल्क, प्रवेश शुल्क, नविकरण शुल्क इत्यादि शुल्कबाट प्राप्त रकम ।

(ख) अनुदान सहायता वा यस्तै अन्य रकम ।

(ग) विभिन्न राष्ट्र वा नेपाल सरकारको पूर्व स्वीकृत लिएर राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ संस्था र परियोजनाहरूबाट प्राप्त अनुदान वा सहयोग रकम ।

(घ) सदस्य एवम् कर्मचारीहरूबाट प्राप्त सांगठनिक शुल्क र परामर्श सेवा शुल्क वापत प्राप्त रकम ।

(ङ) उपभोक्ता समूहलाई विभिन्न विषयमा सेवा प्रदान गरे वापत प्राप्त हुने रकम ।

(च) प्रकाशनहरूको विक्री वितरणबाट प्राप्त रकम ।

(छ) अन्य कुनै पनि श्रोत वा किसिमबाट महासंघलाई प्राप्त हुन आएको रकम ।

३२. **चल, अचल सम्पत्ति** : (१) महासंघले आफ्नो नाममा चल अचल सम्पत्ति प्राप्त गर्न, राख्न, आफ्नो नामको सम्पत्ति भोग गर्न तथा आवश्यकतानुसार आफ्नो हक, स्वामित्व कुनै किसिमले हस्तान्तरण गर्न सक्ने छ र यसो गर्दा ५ लाख भन्दा बढीको चल अचल सम्पत्तिको बेच विखन गर्दा राष्ट्रिय महाधिवेशन वा राष्ट्रिय परिषद्को स्वीकृत लिनु पर्नेछ ।

(२) प्रत्येक आर्थिक बर्षको आय-व्यय तथा चल-अचल सम्पत्तिको विवरण लेखाको मान्य पद्धति अनुसार रीतपूर्वक राख्ने वा राख्न लगाउने प्रमूख जिम्मेवारी कोषाध्यक्षको हुनेछ ।

३३. **कोष** : (१) महासंघले आफ्नो लक्ष्य तथा उद्वेश्य परिपूर्ती गर्नको लागि अक्षय कोष लगायत विभिन्न विषयका कोषहरूको स्थापना र सञ्चालन गर्न सक्नेछन् ।

(२) महासंघको कोषको रकम आफ्नो उद्देश्य पूर्ति हुने कुनै कार्यमा मात्र प्रयोग हुनेछ र यस्ता कोष वा सम्पत्तिबाट यसका पदाधिकारी, सदस्य र कर्मचारीलाई लाभांश, हिस्साको रूपमा वितरण गर्न सकिने छैन ।

(३) कोषको रकम खर्च गर्दा देहायका क्षेत्रहरूमा खर्च गर्नका लागि प्राथमिकता दिनु पर्नेछ :

(क) महासंघका सांगठनिक संरचनाहरूको संस्थागत हित, विकास र सुदृढीकरण,

(ख) गरिबी न्यूनीकरण, सामुदायिक वन अधिकारको वकालत, सामुदायिक वनमा समावेशीकरण, सुशासन, वन उद्यम र वन पैदावारको बजारीकरण

(ग) सदस्यहरूको क्षमता अभिबृद्धि र कर्मचारीहरूको बृत्ति विकास

(४) कोषहरूलाई नेपालको कुनै बाणिज्य बैंक वा विकास बैंक वा वित्तिय संस्थाहरूमा खाता खोली सञ्चालन गरिने छ ।

(५) खाता सञ्चालन तथा खर्च प्रक्रिया आर्थिक नियमावलीमा तोकिए बमोजिम हुने छ ।

३४. **लेखापरीक्षण** : (१) सबै तहका महासंघबाट आ-आफ्नै जवाफदेहितामा सञ्चालन हुने आर्थिक कारोबारसम्बन्धी लेखापरीक्षण गराउन निम्नानुसारको व्यवस्था मिलाउनु पर्नेछ :

(क) सम्वन्धित कार्य समितिले लेखापरीक्षण गराई महाधिवेशन तथा अधिवेशनमा प्रस्तुत गर्ने जिम्मेवारी बहन गर्नुपर्ने,

(ख) कार्य समितिले बढीमा ३ वर्षको निम्ति वा हरेक वर्ष लेग्लाबेग्लै रजिष्टार्ड लेखापरीक्षक नियुक्ति गर्नुपर्ने,





(ग) सम्बन्धित प्रचलनहरूलाई मध्यनजर राख्दै लेखापरीक्षकको पारिश्रमिक सम्बन्धित कार्यसमिति र लेखापरीक्षकको आपसी समझदारीका आधारमा निर्धारण गर्नुपर्ने,

(२) नियुक्त गरिएको लेखापरीक्षकले आर्थिक वर्ष सकिएको १५ दिन भित्रमा आफ्नो कार्य शुरु नगरेमा सम्बन्धित स्थायी समितिले निजको सट्टा अर्को लेखापरीक्षक नियुक्ति गर्न सक्नेछ ।

(३) लेखापरीक्षकले आफ्नो प्रतिवेदन सहितको वासलात, आय-व्यय विवरण कार्य समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) लेखापरीक्षकबाट प्राप्त प्रतिवेदन प्रचलित कानुनअनुसार ***स्थानीय अधिकारी, जि.वि.स. र समाज कल्याण परिषद्मा*** पेश गरी प्रकाशन गर्नुपर्नेछ ।

(५) महासंघका सबै संरचनहरूले वर्षमा कम्तीमा एक पटक सरोकारवाला र अधिकारवालाहरूको सहभागितामा सार्वजनिक जनलेखा परिक्षण गरी प्रतिवेदन सार्वजनिक गर्ने ।

३५. **आर्थिक स्रोत परिचालनका आधारभूत मान्यताहरू** : (१) सबै तहका महासंघहरूले आफ्नो आर्थिक स्रोत परिचालनको लागि देहायबमोजिमका मूल्य मान्यताहरूको पालना गर्नेछन् :

(क) मितव्ययिता, नियमितता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता,

(ख) पारदर्शिता र सार्वजनिक जन लेखापरिक्षण

(२) महासंघको सम्पूर्ण आर्थिक स्रोत व्यवस्थापनको काम आर्थिक प्रशासन नियमावलीका आधारमा मात्र सञ्चालन हुनेछ र यस्तो नियमावली सार्वजनिक रूपमा प्रकाशन गरिएको हुनुपर्नेछ ।

## परिच्छेद - ७

## विविध व्यवस्था

३६. **उम्मेदवारको योग्यता** : (१) महासंघको कुनै पनि संरचनाको कार्यसमितिमा उम्मेदवार हुनको लागि देहायको सामान्य योग्यता पूरा गरेको हुनु पर्नेछ :

(क) विधानको दफा ११ बमोजिम सम्बन्धित सदस्य-समूहको आमभेलाबाट छनौट भएको हुनुपर्नेछ,

(ख) सामाजिक संघ संस्थाको सम्पत्ति हिनामिना गरे वापत दण्ड सजाय पाएको हुनुहुंदैन,

(ग) नैतिक पतन हुने कुनै फौजदारी अपराधमा सजाय पाएको भए सो सजायबाट मुक्त भई कम्तीमा ५ वर्षको अवधी पूरा भएको हुनु पर्नेछ,

(घ) १८ बर्ष पूरा उमेर पुगेको नेपाली नागरिक हुनु पर्नेछ ।

(२) महासंघका विभिन्न तहगत संरचनाहरूको कार्यसमितिमा सदस्यका लागि उम्मेदवार हुन देहाय बमोजिमको विशेष योग्यता भएको हुनु पर्नेछः

(क) स्थानीय महासंघको कार्यसमितिमा पदाधिकारी हुनको लागि आफ्नो उपभोक्ता समूहमा क्रियाशिल सदस्यको रूपमा कार्य गरेको हुनुपर्नेछ,

(ख) जिल्ला महासंघको कार्यसमितिमा सदस्य हुनको लागि स्थानीय महासंघको कार्यसमितिमा कम्तीमा एक पदावधि क्रियाशिल सदस्यको रूपमा कार्य गरी आफ्नो समूहमा समेत नियमिति रूपमा सहयोग पुऱ्याईरहेको हुनु पर्नेछ,

(ग) राष्ट्रिय महासंघको कार्यसमितिमा सदस्य हुनको लागि जिल्ला महासंघको कार्यसमितिमा कम्तीमा एक अवधिभर क्रियाशील सदस्य भई अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

(घ) सवै तहका महासंघको अध्यक्ष पदको उम्मेदवार हुनलाई सम्वन्धित महासंघको कार्यसमितिको पदाधिकारी भै एक कार्यकाल सक्रियरूपमा काम गरी अनुभव प्राप्त गरेको व्यक्ति हुनुपर्दछ ।





३७. **राजिनामा** : (१) कार्य समितिको अध्यक्ष बाहेक अन्य पदाधिकारी र सदस्यहरूले कारण खुलाई अध्यक्ष समक्ष लिखितरूपमा आफ्नो पदबाट राजिनामा दिएमा कार्यसमितिको निर्णयानुसार अध्यक्षले उक्त राजिनामा स्वीकृत वा अस्वीकृत गर्नेछ ।

(२) अध्यक्षले आफ्नो पदबाट राजिनामा दिंदा उपाध्यक्ष मार्फत कार्यसमितिमा दिनुपर्ने छ ।

(३) उक्त राजिनामा विवाद रहित कारणबाट आएको ठहरिएमा कार्य समितिले उपाध्यक्षलाई कार्यवाहक अध्यक्ष घोषणा गर्ने छ तर विवादपूर्ण भएको ठहर भएमा विशेष महाधिवेशन वा अधिवेशनमा निर्णयार्थ पेश गर्ने वा मध्यस्थताबाट त्याग पत्र फीर्ता गराउने जिम्मेवारी कार्य समितिको हुनेछ ।

३८. **पद रिक्तता** : (१) देहायको अवस्थामा कुनै पनि समितिमा रहेका पदाधिकारी तथा सदस्यको पद रिक्त हुनेछ :

(क) मृत्यु भएमा वा निको नहुने गरी मगज बिग्रेमा,

(ख) नियमानूसार दिएको राजिनामा स्वीकृत भएमा,

(ग) सम्बन्धित समितिको बैठकमा विना सूचना लगातार ३ पटक सम्म अनुपस्थित भइ तोकिएका जिम्मेवारी वहन नगरेमा

(घ) अनुशासन नियमावली अन्तर्गत सजाय पाई निष्काशनमा परेमा,

(ङ) इमान्दारीपूर्वक आफ्नो जिम्मेवारी पूरा नगरेको भनी निर्धारित प्रक्रिया बमोजिमसम्बन्धित समूहले फिर्ता बोलाएमा,

(च) महासंघमा आफ्नो सदस्य-समूहको सदस्यता कायम नरहेमा,

(छ) सम्बन्धित समूहले कारबाही गरी निजलाई उपभोक्ता-सदस्यबाट निश्कासित वा निलम्वन गरेमा ।

(ज) ३ महिना भन्दा बढी विना सूचना महासंघको तहगत संरचना भन्दा बाहिर अर्थात कार्यक्षेत्र भन्दा बाहिर गएमा सम्बन्धित समितिले तोकेअनुसार पद रिक्त गर्न सकिने ।

३९. **पदपूर्ती** : (१) कुनै कारणवंश अध्यक्षको पद खाली हुन आएमा उपाध्यक्षले कार्यवाहक अध्यक्षको कार्यभार सम्हाल्नु पर्नेछ र अध्यक्षँ बाहेक अन्य पदाधिकारीको पद रिक्त हुन गएमा त्यस्तो पद सम्वन्धित कार्य समितिले स्थायी समितिका सदस्यहरूबाट पूर्ति गर्नुपर्नेछ ।

(२) राष्ट्रिय कार्य समितिको सिफारिसमा न्यायीक समिति, लेखा तथा अनुगमन समितिको पद रिक्त भएको अवस्थामा पदपूर्ती गर्ने ।

४०. **अविश्वासको प्रस्ताव** : (१) महासंघका कुनै समिति वा पदाधिकारी वा सदस्यले यस महासंघको विधान तथा उद्देश्य विपरित कार्य गरी महासंघलाई हानी नोक्सानी पुऱ्याएमा वा पुऱ्याउन खोजेको कुरा प्रमाणित भएमा त्यस्ता समिति वा पदाधिकारी वा सदस्यका विरुद्ध अविश्वासको प्रस्ताव दर्ता हुन सक्नेछ ।

(२) जिल्ला महासंघ र स्थानीय महासंघका पदाधिकारी एवम् सदस्यहरूको विरुद्ध अविश्वासको प्रस्ताव ल्याउन चाहने सो महासंघका कार्यसमितिका ६० प्रतिशत सदस्यहरूले राष्ट्रियस्तरमा गठित न्यायिक समिति समक्ष लिखित प्रस्ताव दर्ता गराउन सक्नेछन् र यस्तो प्रस्तावको सम्बन्धमा राष्ट्रिय न्यायिक समितिले प्रस्ताव दर्ता भएको १५ दिनभित्र आवश्यक छानविन गरी उक्त प्रस्ताव उपयुक्त देखिएमा सम्वन्धित महासंघको विशेष वा नियिमित अधिवेशनमा सो अविश्वासको प्रस्ताव प्रस्तुत गर्न अनुमती दिनु पर्नेछ । यसरी प्रस्तुत गरिएको प्रस्तावलाई अधिवेशनमा उपस्थित प्रतिनिधि संख्याको ६० प्रतिशतले स्वीकृत गरेमा सो प्रस्ताव पारित भएको मानिने छ र यसरी खाली हुन आएको रिक्त पद पनि सोही अधिवेशनबाट पूर्ती गर्नुपर्नेछ ।

(३) राष्ट्रिय महासंघका कुनै पदाधिकारी वा सदस्य वा कार्यसमितिका विरुद्ध सोही समितिको ६० प्रतिशत वहुमतले अविश्वासको प्रस्ताव ल्याउने निर्णय गर्न सक्ने छ ।

(४) राष्ट्रिय महासंघका न्यायिक समिति र लेखा तथा अनुगमन समिति वा यी समितिका संयोजक तथा सदस्यहरूका विरुद्ध सोही समितिको ६० प्रतिशत वहुमतले अविश्वासको प्रस्ताव ल्याउने निर्णय गर्न सक्ने छ ।





(५) उक्त दूबै वा कुनै एक अवस्थाको अविश्वासको प्रस्ताव दर्ता गरी देहायका कार्यहरू गर्नको लागि राष्ट्रिय महासंघका निवर्तमान र भूतपूर्व अध्यक्षहरूको स्वतः एक अस्थायी समितिको सिर्जना हुनेछः

(क) जुनसुकै किसिमको अविश्वासको प्रस्तावलाई मध्यस्थताको माध्यमबाट टुङ्गो लगाउने,

(ख) अविश्वासको प्रस्तावलाई मध्यस्थताको माध्यमबाट टुंगो लगाउन नसकेमा राष्ट्रिय महासंघको सचिवालयलाई बढीमा ३ महिनाको अवधी दिई विशेष महाधिवेशन बोलाउन आवश्यक व्यवस्था गर्न सहमती दिने,

(६) यसरी प्रस्तुत हुन आएका अविश्वासका प्रस्तावहरू विशेष महाधिवेशनको ६० प्रतिशत बहुमतबाट स्वीकृत भएमा मात्र पारित भएको मानिने छ र यसरी खाली हुन आएको पद तथा समिति सोही विशेष महाधिवेशनबाट पूर्ती गर्नुपर्ने छ ।

४१. **विशेष महाधिवेशन** : देहायको अवस्थामा विशेष महाधिवेशन आयोजना गर्न सकिने छः

(क) राष्ट्रिय महासंघको कार्य समितिका दुई तिहाई सदस्यहरूले वन सम्बन्धी र महासंघको राष्ट्रिय महत्वको विषयमा महाधिवेशनमा छलफल भई पारित हुनु आवश्यक छ भनी निर्णय गरेमा,

(ख) महाधिवेशन प्रतिनिधिहरूमध्ये ५० प्रतिशतले कुनै विशेष कारण जनाई विशेष महाधिवेशनको आयोजना गर्न आवश्यक भनी पुष्ट्याई गर्ने आधार सहित विशेष महाधिवेशनको माग गरेमा ।

४२. **विधान संशोधन र व्याख्याः**

यस विधानलाई संशोधन तथा परिमार्जन गर्नु पर्ने आबश्यकता महशुस भएमा महाधिवेशन वा विशेष महाधिवेशनमा उपस्थित सम्पूर्ण सदस्यहरूको बहुमतबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ र संशोधन तथा परिमार्जन भएका कुराहरू स्थानीय अधिकारी समक्ष पेश गरी स्वीकृत भएपछि लागू गरिनेछ। यस विधानमा उल्लेखित व्यवस्थाहरूको सम्बन्धमा व्याख्या गर्ने र बाधा अडकाउ फुकाउने अधिकार राष्ट्रिय महासंघको कार्य समितिलाई हुनेछ ।

४३. **नियमावली बनाउने :**

यस विधानको उद्देश्य कार्यान्वयन गर्न राष्ट्रिय कार्य समितिले यस विधान अन्तरगत रही सांगठनिक नियमावली, आर्थिक नियमावली, कर्मचारी प्रशासन नियमावली, अक्षय कोष नियमावली र अन्य आवश्यकताअनुसारका नियमावलीहरू बनाउन तथा लागू गर्न सक्ने छ तर यस्ता नियमावलीहरू राष्ट्रिय महाधिवेशन वा राष्ट्रिय परिषद्बाट अनुमोदन गराउनु पर्नेछ ।

४४. **विनियम वनाउने** : राष्ट्रिय महासंघको स्थायी समितिले कार्यसमितिको सहमतीमा आफ्नो कार्य व्यवस्थित गर्न यस विधान र नियमावलीको प्रतिकुल नहुने गरी विनियमहरू बनाई लागू गर्न सक्नेछ । त्यस्तै जिल्ला महासंघ र स्थानीय महासंघका कार्य समितिहरूले आफ्नो महासंघलाई व्यवस्थितरूपमा सञ्चालन गर्न यस विधान र नियमावलीको अधिनमा रही विनियम बनाई लागू गर्न सक्नेछन् ।

४५. **निर्देशिका बनाउने** : राष्ट्रिय कार्य समितिले महासंघको लक्ष्य तथा उद्देश्य परिपूर्ती गर्नको लागि आवश्यक निर्देशिकाहरू बनाई लागू गर्न सक्नेछ ।

४६. **विघटन** : विधानअनुसार संस्था सञ्चालन हुन नसकेमा वा अन्य कुनै कारणबस संस्था विघटन हुन गएमा यसको सम्पूर्ण चल अचल सम्पत्ति नेपाल सरकारमा सर्नेछ ।

४७. **निष्क्रियताः** यस बिधानमा लेखिएका कुराहरू प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निश्क्रिय हुनेछन् ।





## अनुसूची–१

**(विधानको दफा ३ सँग सम्बन्धित)**

**प्रतिक चिन्ह**

छाप :

(नेपालीमा)

छाप :

(अंग्रेजीमा)

(FECOFUN)

**महासंघको झण्डा**

२:३ (चौडाई : लम्बाई)
को कपडा हरियो
पृष्ठभूमिमा सेतो लोगो

## अनुसूची-२

### सपथ ग्रहण

*म यस सामुदायिक वन उपभोक्ता महासंघ, नेपालको निर्वाचित/मनोनित सदस्य भएको सुखद अवसरमा राष्ट्रको अमूल्य धन, वनको सम्झनामा राष्ट्रका सम्पूर्ण उपभोक्ताहरूमा हरित अभिवादन चढाउँदै यो सपथ लिन्छु :*

- *म यस महासंघको प्रतिनिधि-सदस्य रहीरहेसम्म महासंघको नीति, नियम, निर्देशन, मूल्य मान्यता र अनुशासनलाई निःशर्त रूपमा पालना गर्दै वन तथा वातावरण एवम् जैविक विविधताको विकास, संरक्षण र सम्बर्धनमा संधै नै मन, वचन र कर्मले लागिरहने छु ।*
- *म सदैव अवसरबाट वञ्चित एवम् पछाडि पारिएका समुदायका उपभोक्ताहरूको निम्ति वन पैदावार उपभोगमा न्यायोचित वितरण प्रणाली कायम गराउँदै गरीबी न्यूनीकरण गर्ने काममा सहयोग गरीरहने छु ।*
- *म यस महासंघको प्रतिनिधि-सदस्य भएको हैसियतले मैले गर्ने सम्पूर्ण काम कुराका निम्ति म सामुदायिक वन उपभोक्ता समूह र महासंघ प्रति सधैं नै उत्तरदायी वनीरहने छु ।*